# **कामना सेवा विकास बैंक लि.**

## **सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिम देहाय बमोजिमको विवरण रहेको छ। आ.व. २०८०/०८१ को चौथो त्रैमासिक विवरण**

१. **निकायको स्वरुप र प्रकृति :** कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंकिङ्ग तथा वित्तीय कारोबार संचालन गर्न नेपाल राष्ट्र बैंकबाट **"ख"** वर्गको इजाजतपत्रप्राप्त बैंक।

२. **निकायको काम कर्तव्य र अधिकार :** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र बैंकको प्रवन्धपत्र तथा नियमावलीमा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकारहरु रहने छ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :** बैंकमा कार्यरत कर्मचारी संख्या (२०८१ असार मसान्तसम्म) **९८८** रहेको छ।

बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ। कार्यकारी प्रमुख लगायत व्यवस्थापन समूहको विवरण सूचना तथा जानकारीका लागि बैंकको वेबसाईट **www.kamanasewabank.com** मा राखिएको छ।

४. **निकायबाट प्रदान गरिने सेवा :** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ख" वर्गका इजाजतपत्रप्राप्त बैंकले दिने भनी उल्लेख गरिएका सम्पूर्ण बैंकिङ्ग सेवाहरु।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:** बैंकको शाखा र जिम्मेवार अधिकारीको विवरणहरु बैंकको वेबसाईट **www.kamanasewabank.com** मा राखिएको छ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :** बैंकले प्रदान गर्ने विभिन्न प्रकारका सेवाहरुको शुल्क तथा सो सम्बन्धी आवश्यक अन्य सम्पूर्ण विषय वस्तुहरुको सूचना तथा जानकारी बैंकको वेबसाइट **www.kamanasewabank.com** मा प्रकाशित गरिएको छ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी :** बैंकिङ्ग कारोबारका सम्बन्धमा गर्नुपर्ने आवश्यक निर्णयहरु अधिकार प्रत्यायोजन गरी तोकिएका अधिकारीहरु मार्फत गर्न सक्ने व्यवस्था अवलम्बन गरिएको छ। अन्तिम निर्णयकर्ताको रुपमा प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समितिले कार्य गर्ने व्यवस्था गरिएको छ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :** बैंकको कारोबार तथा यसले प्रदान गरेको सेवा सम्बन्धमा ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ।

विकास ढुंगाना
प्रमुख संचालन अधिकृत
इमेल : customercare@kamanasewabank.com
फोन नं :+९७७-०१-५९७००३०

९. **सम्पादन गरेको कामको विवरण :** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ख" वर्गका बैंकहरुले गर्नसक्ने सम्पूर्ण बैकिङ्ग कारोबारहरु सम्पादन भइरहेको छ।

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद** : ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न निम्न बमोजिमका अधिकारीहरुलाई तोकिएको छ :

**क) बैंकको सूचना अधिकारीको नाम र पद :**

विनय दाहाल
पद : नायब प्रमुख कार्यकारी अधिकृत
इमेल : info@kamanasewabank.com
फोन नं :+९७७-०१-५९७००३०

**ख) बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र पद :**

दिनेश थकाली
पद : प्रमुख कार्यकारी अधिकृत

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :** बैंकले व्यवसाय संचालनका क्रममा देहाय बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्ने गरेको छ :

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- कम्पनी ऐन, २०६३
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- विनिमय अधिकारपत्र ऐन, २०३४
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
- उल्लिखित ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
- नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिका एवं परिपत्रहरु

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक वित्तीय विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै, यस्तो विवरण बैंकको वेबसाईट **www.kamanasewabank.com** मा समेत राखिएको छ ।

**१३. तोकिए बमोजिमको अन्य विवरण :** नभएको ।

**<u>सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ :</u>**

**क.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :**

यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ ।

**ख.सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण :**

यस बैंकको एक आधिकारिक वेबसाईट रहेको र सोको नाम www.kamanasewabank.com रहेको छ ।

**ग.सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**

बैंकको वार्षिक प्रतिवेदन पुस्तकको रुपमा प्रकाशन गरी बैंकको वेबसाईटमा समेत प्रकाशन गर्ने गरिएको छ । साथै, बैंकको आवधिक वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरका पत्रपत्रिकाका साथै बैंकको वेबसाईट मार्फत जानकारीको लागि प्रकाशन गर्ने गरिएको छ ।

मिति : २०८१/०४/०२